## नमुना प्रश्न-२
## विषय : नेपाली - १२

**पूर्णाङ्क : ७५**
**उत्तीर्णाङ्क : ३०**

*विद्यार्थीले सकेसम्म आफ्नै शब्दमा उत्तर दिनुपर्नेछ ।*

**तलका सबै प्रश्नहरूको उत्तर दिनुहोस् :**

१. **तलको अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दहरूको अक्षर संरचना सहित अक्षर संख्यासमेत देखाउनुहोस् : ३**
पर्यावरण दूषित हुँदै जानाले जनस्वास्थ्यमा असर परेको कुरा विशेषज्ञले बताएका छन् । यस सत्य कुरालाई ध्यानमा राखेर प्रदूषण घटाउन हामी सबै लागिपर्नु आजको दायित्व हो ।

२. **शुद्ध गरी पुनर्लेखन गर्नुहोस् : ३**
हकिङ्गलाई जिवनमा साथ दिने र सहयोग गर्ने कार्एमा पत्नी जेनको महत्वपूर्ण भुमिका रहेकोछ । उनी क्याम्ब्रिजमा विद्यावारिधि गरिरहँदा उनले जेन वाइल्ड सँग प्रेम गर्न थालेका थिए ।

३. **कुनै एक प्रश्नको उत्तर दिनुहोस् : २**

**(क) दिइएको अंशबाट एक एकवटा भारिभाषिक र अनुकरणात्मक शब्न पहिचान गरी वाक्यमा प्रयोग गर्नुहोस् :**
घरेलु उद्योगका निवर्तमान अधिकृतको मृगौलाको प्रत्यारोपण गर्दा अरु कर्मचारीहरू डरले क्वाँक्याँ रोएको देख्दा सबै छक्क परे ।

**(ख) दिइएको अनुच्छेदबाट एउटा उखान र एउटा टुक्का पहिचान गरी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् :**
रातभरि करायो दक्षिणा हरायो भने भैँ जति परिश्रम गरेर पठाउँदा पनि परीक्षामा विद्यार्थीहरूले हावा खानु परेको देख्दा शिक्षक दिक्क भए । जति जोगी आए पनि कानै चिरेका भने भैँ नेपालमा जुन पार्टीको सरकार बने तापनि भ्रष्टचारीले खुट्टो घुमाइरहेका छन् ।

४. **तलको अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दहरूको पदवर्ग पहिचान गरी लेख्नुहोस् :** ३

भिजन राउटे क्याम्पसबाट सरासर आयो र आफ्नो पुस्तक टेबुलमाथि राखेर आफू छतमाथि गयो ।

५. **तलको अनुच्छेदबाट दुईवटा तत्सम र दुईवटा आगन्तुक शब्द पहिचान गरी लेख्नुहोस् :** २

प्रदीपले आफ्नो जीविकाका लागि सहरमा पसल खोलेर व्यापार गर्ने निर्णय गरेको छ । पोस्टर र पोशाकबाट आय आर्जन गर्ने उसको लक्ष्य छ ।

६. **कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** ३

**(क) तलको अनुच्छेदबाट तीनवटा उपसर्ग व्युत्पन्न र तीनवटा प्रत्यय व्युत्पन्न शब्द पहिचान गरी तिनको निर्माण प्रक्रिया देखाउनुहोस्:**

नेपालले विज्ञान र प्रविधिका क्षेत्रमा निकै उन्नति गरेको छ । यस्तै प्रकारले फड्को मार्दै जाने हो भने अब मुलुकले सामाजिक तथा आर्थिक क्षेत्रमा राम्रै विकास गर्ने छ । स्थानीय जनताको सक्रियता र राज्यको नीति राम्रो भएमा देशको विकास हुन धेरै समय लाग्दैन ।

**(ख) तलको अनुच्छेदबाट तिन समस्त शब्द र तिन द्वित्व शब्द खोजी समस्त शब्दलाई विग्रह गर्नुहोस् र द्वित्व शब्दको दोहोरिएको अंश लेख्नुहोस् :**

चारकोसे झाडीमा लामपुच्छ्रे मात्र होइन चौपाय पनि प्रशस्त मात्रामा छन् । हिजोआज कामचोर मानिस पनि सबै क्षेत्रमा भेटिन्छन् । छिटोछिटो भातसात कपाकप खाएर अरूसँगै झैंझगडा नगरी आ-आफ्नो काममा लाग्नुपर्छ ।

७. **कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** ४

**(क) तलको अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दहरू कुन कुन कारक हुन् ? पहिचान गरी लेख्नुहोस् :**

झोलामा भएको त्यो कलम बुबाले मलाई विदेशबाट ल्याइदिनु भएको हो । मैले हिजो त्यसले एउटा निबन्ध लेखेँ र पत्रिकामा छाप्न पठाएँ । अब म त्यो कलम कसैलाई पनि दिन्न ।

**(ख) तलको अनुच्छेदको वाक्यहरूलाई आवश्यक सुधारसहित मध्यम आदरमा परिवर्तन गर्नुहोस् :**

ऊ कक्षा १२ मा पढ्दै छ । ऊ अति नै परिश्रमी छ । ऊ अनुशासित छ । उसकी एक बहिनी पनि छे ।

८. **कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** ४

(क) आज्ञार्थक भावको प्रयोग गरी चार वाक्यमा साथीलाई कुलतमा नलाग भन्ने कुराको वर्णन गर्नुहोस् ।

(ख) तलको वाक्यलाई करण भए अकरण र अकरण भए करणमा परिवर्तन गर्नुहोस् ।

कर्तव्य कहिल्यै क्याम्पस जाँदैन । ऊ परीक्षामा राम्रो अङ्क ल्याउँदैन । उसलाई गुरुहरूले गाली गर्नुहुन्छ । ऊ नियमित रूपमा गृहकार्य गर्दैन ।

९. **कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** ४

**(क) तलको चारवटा जटिल वाक्यहरूलाई आठवटा सरल वाक्यमा परिवर्तन गर्नुहोस् :**

रञ्जनादेवीको कुरा सुनेर गोदत्तप्रसाद मुसुमुसु हाँसे तर केही बोलेनन् । जब रञ्जनादेवीले नानीथकुसँगको सम्बन्धबारे थाहा पाइन् तब गोदत्तप्रसादले बोल्ने ठाउँ नै रहेन । पति गोदत्तप्रसादबाट एउटी अबोध केटीको जीवन बर्बाद हुनेछ भन्ने पत्नी रञ्जनादेवीले ठानिन् । रञ्जनादेवीले गोदत्तप्रसादलाई निकै सम्झाइन् तापनि गोदत्तप्रसादमा सुधिारको कुनै लक्षण देखिएन ।

**(ख) तलका वाक्यलाई अप्रत्यक्ष कथनमा परिवर्तन गर्नुहोस् :**

"बा ! हामी पनि सिनेमा हेर्छौं" केटाकेटीले भने । "तिमीहरूले पढ्नु पर्दैन ?" बाले भन्नुभयो । केटाकेटीले भने, "बा आज हामीलाई सिनेमा हेर्न लैजानुहोस् ।" बाले भन्नुभयो
"पढाइ छाडेर सिनेमा हेर्न नजाऊ ।"

१०. **दिइएको अनुच्छेद पढी अन्त्यमा सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :** ५

कुनै पनि आन्दोलनलाई मार्ग दर्शन गर्न निश्चित विचार, सिद्धान्त र प्रतिवद्धताको आवश्यकता पर्दछ । अहिले महिला अधिकार र समानताका लागि हिंसा र अशान्ति होइन सम्झौताको आन्दोलनबाट समाधान खोज्नुपर्छ । माहिलामाथि नकारात्मक रूपमा पारिएको सामाजिक प्रभावलाई परिवर्तन गराउनुपर्छ । प्रत्येक महिलाले आफूमाथि परेको अन्याय अत्याचार र शोषणबाट आफ्नो हक अधिकार र कर्तव्यप्रति सचेत हुने अभियानमा निरन्तर वैचारिक र व्यावहारिक रूपमा लागिरहनु नै 'नारीवाद' हो ! यो अभियानमा महिला मात्र होइन, पुरुष पनि सामेल भएर सहयोग गर्नु आवश्यक छ । पुरुष र महिला दुवै पक्षको सहयोग र सद्भावबाट मात्र नारीवादी आन्दोलन सबल ढङ्गले अगाडि बढाउन सकिन्छ । जसरी विश्वको कुनै पनि आन्दोलन नारी सहभागिताविना सफल भएको छैन, त्यसैगरी महिला अधिकार र समानताको आन्दोलन पनि पुरुषको सहभागिताविना सफल हुन गाह्रो हुन्छ । महिलाहरू आफैं उत्पीडनको सिकार भएका हुन्छन् । उनीहरूले अत्याचार र शोषणको भुक्तमान रहेका हुन्छन् भने पुरुषहरूले महिलामाथि परेको त्यो शोषण अनुभूत गरेका हुन्छन् । तर त्यो शोषण र भुक्तमानका कारक पुरुषहरू होइनन् । त्यसको कारक भनेको हाम्रो सामाजिक संरचना हो जसका आधारमा मूल्य र मान्यताहरू निर्धारित भएका छन् । समाजले महिला र पुरुषलाई लैङ्गिक विभेदका नाममा उनीहरूका जिम्मेवारी र दायित्व पनि फरक फरक बनाइदिएको छ, जसले

पहिलाहरूमाथि सधैँ गलत प्रभाव पारिरहेको छ तर नारीवादी आन्दोलन भनेर आज पूर्वीय र पाश्चात्य जगत्मा प्रशस्त भनाइहरू सुन्ने गरिन्छ र नारीवादलाई भिन्न भिन्न रूपमा बुझ्दै र बुझाउँदै आएको पनि पाइन्छ ।

**प्रश्नहरू**

(क) नारीवाद भनेको के हो ?

(ख) महिलामाथि गलत प्रभावपार्ने कुराहरू के के हुन् ?

(ग) आन्दोलनलाई अगाडि बढाउन केको आवश्यकता पर्छ ?

(घ) नारीवादी आन्दोलनका लागि पुरुषको सहयोग किन चाहिन्छ ?

(ङ) 'लैङ्गिक विभेद' र 'समानता' शब्दको अर्थ लेख्नुहोस् ।

**११. दिइएको अनुच्छेद पढी मुख्य मुख्य चारवटा बुँदा टिपोट गरी सारांश लेख्नुहोस् : २+३ = ५**

वर्तमान नेपाली युवाहरूका लागि वैदेशिक रोजगारी आशाको केन्द्रविन्दु बनेको छ । देशको राजनीतिक अस्थिरता, शान्ति सुरक्षाको अभाव र अलिअलि भएका उद्योगधन्दाहरू पनि बन्द हुँदै जानु र बढ्दो क्रममा रहेको बेरोजगारीले यस्तो स्थिति सिर्जनाका लागि उत्प्रेरकको भूमिका खेलेका छन् । एकातिर स्थिति यस्तो छ भने अर्कातिर वैदेशिक रोजगारीमा महिलाहरूमाथि लगाइएको प्रतिबन्ध अर्को थप समस्याको रूपमा रहेको छ । यद्यपि वैदेशिक रोजगारीका सम्बन्धमा खाडी क्षेत्रमा मात्र महिलालाई नपठाउने भनेर मन्त्री स्तरीय निर्णय भएको हो र यसको अनावश्यक प्रचारकै कारण यस क्षेत्रमा महिला सहभागिताको कुरामा नकारात्मक असर परेको छ भन्ने सरकारको धारणा छ । वैदेशिक रोजगारी र महिला श्रमलाई जोडेर हेर्दा विश्वभर महिला रोजगारीको सम्भावना घरेलु कामदारका रूपमा नै प्रमुख रहेको छ । नेपालबाट पनि जति महिलाहरू वैदेशिक रोजगारी अन्तर्गत गएका छन्, त्यसको ठुलो सङ्ख्या घरेलु श्रममा नै संलग्न रहेको पाइन्छ । हाम्रो श्रम, विभागमा भने यसको आँकडा जम्मा १ सय २१ जना मात्र रहेको छ ।

**१२. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : ४**

(क) उच्च माध्यमिक तहमा अध्यापन हुने विभिन्न पुस्तकहरू पठाइदिन अनुरोध गर्दै उपयोगी पुस्तक पसल मन्थली रामेछापले रत्न पुस्तक भण्डार काठमाडौँलाई लेख्ने पक्षको नमुना तयार पार्नुहोस् ।

(ख) आफ्नो मृत्यु पश्चात् सामाजिक कार्यका लागि आफ्नो आँखा अरूलाई दान दिन आँखा निकाल्नका निम्ति वीर अस्पताललाई दिइएको मन्जरीनामाको नमुना बनाउनुहोस् ।

**१३. कुनै एक प्रश्नको उत्तर दिनुहोस्: ५**

(क) आफ्नो टोलको युवा क्लबले आयोजना गरेको रक्तदान कार्यक्रमका मुख्य कुरा समेटी १५० शब्दसम्मको प्रतिवेदन लेख्नुहोस् ।

(ख) 'शिक्षित युवाको विदेश पलायन' शीर्षकमा १५० शब्दसम्मको टिप्पणी लेख्नुहोस् ।

**१४. कुनै एकको व्याख्या गर्नुहोस् : ४**

(क) मर्नैपर्छ भने पनि पर पुगी मरौँ
नझुक्ने यो हिमालमा किन झुकी मरौँ
जति चढ्यो उति बाँकी हिमचुली शिखर
नदेखेको कुरा हेर्न हामीलाई रहर ।

(ख) मेरा छोराछोरी मेरा लागि चन्द्र र सूर्य हुन् ।

**१५. दुवै प्रश्नको उत्तर दिनुहोस् : ४**

(क) दिइएको कथांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :

कालोनिलो आकाशमा उत्तरतिर ध्रुवतारा त्यसको दाहिनेतिर सातातारा र देब्रेतिर पाँच ताराका उज्याला तारामण्डलले तिनलाई मोहित तुल्यायो । पूर्वदेखि पश्चिमतिर केही दक्षिणतिर ढल्किएको आकाशगङ्गा दमयन्तीका दृष्टिमा सङ्गीतमय हुन थाल्यो । आकाश र पृथ्वी यस्ता सुन्दर छन् । तिनकाबिच आफू एक्ली विरहिणी अवस्थामा अनुभव गरेर दमयन्ती कोमल मधुर स्वरमा वियोग र पीडाको गीत गाउन थालिन् । कतिबेरसम्म तिनले गीत गाइन्, तिनले आफैँ थाहा पाइनन् । आकाशमा बिस्तारै बिस्तारै उभ्रिएर आउँदै पातला बादलले त्यो सुन्दर आकाशलाई दमयन्तीका हृदयमा धूमिल तुल्याउँदै लग्यो ।

**पंशनहरू**

(क) माथिको अनुच्छेदमा कस्तो परिवेशको चित्रण गरिएको छ ?

(ख) आकाश र दमयन्तीको हृदयका बिच के समानता छ ?

**(ख) तलको नियात्रांश पढी सोधिएका प्रश्नको उत्तर भन्नुहोस् :**

टाउकामा चिप्लो न चिप्लो बरफको केश फुलाएर आफ्नो बररो वृद्ध शरीरमा काला रुखको जिङ्ग्रिङे झुत्ला ठड्याई यो घनघस्या गजधुम्म परेर बसेको छ । यो मान्छेहरूसित रिसाएको छ, अग्घोरै रिसाएको छ, अघोरी गाड जत्तिकै रिसाएको छ अनि पोखरेली सेती जत्तिकै रिसाएको छ । सेती नदी पृथ्वीको पेटमा भासिँदै जाओस्

यो चाहिँ ठडिएको ठडियै छ । यसले कहिल्यै त टाउको झुकाउला कि भनेर मैले निरीक्षण गरिहेरेँ तर त्यस्तो लक्षण कतै भेटिएन । उल्टो यो झन् झन् दृढ हुँदै गइरहेको पो मैले पाएँ ।

**प्रश्नहरू**

(क) घनघस्यालाई कसरी मानवीकरण गरिएको छ ?

(ख) सेती नदी र घनघस्याका बिचमा रहेका समानता र भिन्नता के के हुन् ?

**१६. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** **४**

(क) प्रकृतिपरकका दृष्टिले 'हामीलाई बोलाउँछन् हिमचुली' कविता तपाईंलाई कस्तो लाग्यो प्रतिक्रिया दिनुहोस् ।

(ख) 'एक चिहान' उपन्यासको पात्र अष्ट नारानले आफ्ना छोराहरूलाई किसानका बारेमा बताएको कुरा तपाईंलाई कस्तो लाग्यो ? आफ्नो विचार दिनुहोस् ।

**१७. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** **८**

(क) ममतामा मानसिक द्वन्द्व आउनुका कारणहरू के के हुन् ? समीक्षात्मक उत्तर दिनुहोस् ।

(ख) घनघस्याको उकालो काट्ता यात्रामा सहभागीहरूले के कस्ता समस्याहरू झेल्नु पऱ्यो ? समीक्षात्मक उत्तर दिनुहोस् ।

**१८. कुनै एक शीर्षकमा कम्तिमा २५० शब्दसम्मको निबन्ध लेख्नुहोस् ।** **८**

(क) नेपालका प्राकृतिक सम्पदाहरू

(ख) मलाई मनपर्ने पुस्तक

(ग) मेरो देश मेरो स्वर्ग